# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| **खण्ड ९** | **संख्या ९** | **मिति** | **२०८२।१२।२०** |

## भाग २

**विहादी गाउँपालिका**
**गण्डकी प्रदेश, नेपाल**

**संवत २०८२ सालको कार्यविधि / निर्देशिका / मापदण्ड संख्या ९**

# कृषकहरुलाई पशु विकास शाखाको अनुदानमा यन्त्र उपकरण/मेसिनरी औजार वितरणको लागि कार्यक्रम संचालन मापदण्ड, २०८२

विहादी गाउँपालिकामा व्यावसायिक रुपमा पशु पालन गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप गाउँपालिकाबाट विभिन्न यन्त्र उकरण तथा मेशिनरी औजार अनुदानमा वितरण गर्ने प्र्यालाई व्यवस्थित र प्रभावकारी बनाउन तथा कृषक छनौट प्रकृयामा पारदर्शिता ल्याउन वाञ्छनीय भएकोले सो कार्यका लागि विहादी गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदपा ३ तथा विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो मापदण्ड निर्माण गरि प्रकाशन गरिएको छ ।

## कृषकहरुलाई पशु विकास शाखाको अनुदानमा यन्त्र उपकरण/मेसिनरी औजार वितरणको लागि कार्यक्रम संचालन मापदण्ड, २०८२

यस विहादी गाउँपालिकामा कृषि पेशा आयआर्जन तथ दैनिकी चलाउनको लागि मुख्य पेशाको रुपमा रहेको देखिन्छ। यहाँका किसानहरुलाई कृषि पेशामा संलग्न भई पशुपालन अन्तर्गत गाईभैँसी, बाख्रा पालनमा संलग्न रहेका छन्। पशुपालनमा प्राविधिको पहुच सुनुश्चित भएको खण्डमा कम लगानी र थोरै समयमा पनि राम्रो प्रतिफल लिन सकिने भएकोले पालिकाको पशु विकास शाखा अन्तर्गत यन्त्र उपकरण/मेसिनरी औजार अनुदानमा वितरण गर्न कृषकहरुको छनोट लगायतका कुराहरु समावेश गरि यो मापदण्ड २०८२ तयार पारिएको छ।

**मापदण्ड लागु हुने:**

विहादी गाउँपालिकाको पशु विकास शाखाको अनुदानमा यन्त्र उपकरण/मेसिनरी औजार वितरण कार्यक्रमको लागि

**कार्यक्रम संचालन गर्ने प्रकृयाः**

यस कार्यक्रम संचालन गर्नका लागि गाउँपालिकाले सम्बन्धीत शिर्षकमा कम्तिमा १५ दिने सुचना प्रकाशन गर्ने छ। सुचना वमोजिम संकलन भएका निवेदनहरु माथि सम्बन्धीत शाखाले आवश्यक प्रकृया पुरा गरी कृषकहरुले पेश गरेका काजगातका आधारमा मुल्यांकन गरी छनौट भएका कृषकहरुको नामावली प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने छ र प्रकृया अगाडी बढाईने छ।

विगत २ वर्षमा रु१०००००/- सम्म वा माथिको अनुदान पाएका कृषकलाई कम प्राथमिकतामा राख्न सकिने ।

**निवेदन पेश गर्दा आवश्यक पर्ने कागजातहरुः**

१. निवेदकको निवेदन र नागरिक्ताको प्रतिलिपी
२. वडाको सिफारिस
३. फर्म दर्ता भए फर्म दर्ता प्रमाणपत्र, नविकरण, PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र
४. पालेका पशुहरुको नियमित खोप लगाएको खोप कार्ड
५. विमा पोलिसिको प्रतिलिपि

**कृषक छनौट तथा मुल्याङ्कनका आधारहरुः**

| **क्र.सं** | **विवरण** | **भए** |
|---|---|---|
| १ | फर्म दर्ता भई नविकरण | **५** |
| २ | PAN दर्ता | **५** |
| ३ | सो आ.व.को कर चुक्ता | **५** |
| ४ | नियमित खोप लगाएको खोप कार्ड | **५** |
| ५ | विमाको कागजात | **५** |
| ६ | सम्बन्धित शाखाबाट यस आ.व.मा अन्य किसिमको अनुदान नलिएको | **५** |
| ७ | गएको आ.व.मा शाखाबाट अनुदान वा यस आ.व.मा प्रदेशबाट अनुदान नलिएको | **५** |
| ८ | बाख्राको हकमा माँउ बाख्रा १० वा सो भन्दा बढी | **५** |
| ९ | गाई/गोरु/राँगा/भैंसीको हकमा गाई/गोरु/राँगा/भैंसीको संख्या ५ वा सो भन्दा बढी | **१०** |

आज्ञाले
थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत